नेपाली राजदूतावास, अबुधाबी
Tel.: +971-2-6344767 / 6344385, Fax: +971-2-6344469
E-mail : eonabudhabi@mofa.gov.np
Website: www.ae.nepalembassy.gov.np

Ref.

# राहदानी (Passport) सम्बन्धी सूचना

कोभिड- १९ को जोखिमको बीचमा पनि यस राजदूतावासले सेवाग्राहीहरूलाई निरन्तर सेवा दिँदै आएको बेहोरा सबैलाई विदितै छ । पछिल्ला दिनहरूमा यस राजदूतावासका अधिकांश कूटनीतिक तथा स्थानीय कर्मचारीहरू कोभिड-१९ बाट सङ्क्रमित भएको पृष्ठभूमिमा सेवाग्राहीहरूको सुरक्षा र सुविधालाई समेत मध्यनजर गरी राजदूतावासबाट प्रवाह गरिने सेवालाई सकेसम्म भौतिकसम्पर्क कम गर्दै थप ब्यवस्थित, सुरक्षित र चुस्त बनाउने प्रयास भइरहेको छ । कोभिड-१९ को जोखिमलाई मध्यनजर गर्दै यस राजदूतावासमा राहदानी (Passport) का लागि आवेदन दिने युएइमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूले मिति २०७७ फागुन २ गते आइतबारदेखि लागू हुनेगरी हुलाक तथा कुरियर सेवाको माध्यमबाट आवेदन पठाउनुहुन हार्दिक अनुरोध गरिन्छ ।

राहदानीको लागि फाराम भर्ने, राजश्व तिर्ने तथा साथमा पठाउनुपर्ने आवश्यक कागजातहरूका सम्वन्धमा यस राजदूतावासको वेभसाइटमा बिस्तृतरूपमा उल्लेख गरिएको ब्यहोरा समेत जानकारीका लागि अनुरोध गरिन्छ ।

नेपाली राजदूतावास,
अबुधावी
२०७७ माघ २९ (तदनुसार ११ फेब्रुअरी २०२१)